TRANSPARENCY INTERNATIONAL NEPAL
Coalition against corruption
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
www.tinepal.org tinepal
जि.प्र.का. काठमाडौं दर्ता नं. ८७/०५३/०५४
समाज कल्याण परिषद् आ. नं. १४०११
P.O. Box 11486, Chakubaku Marg, New Baneshwor, Kathmandu, Nepal.
Tel: +977 1 4475062, 4475262, Fax: +977 1 4475112
E-mail: trans@tinepal.org

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

च.नं. १८१/०७७/०७८ मिति: २०७८/०२/१३

श्री प्रमुख जिल्ला अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय,
काठमाडौं, नेपाल ।

**विषय: ध्यानाकर्षण सम्बन्धमा ।**

महोदय,
विगत २५ वर्षदेखि भ्रष्टाचार विरुद्धको अभियानमा सक्रिय रहेको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालले नागरिकको दैनिकी भ्रष्टाचारमुक्त होस्, देशमा सुशासन कायम होस्, राज्यका निकायहरूमा जवाफदेहिता र पारदर्शिता बढोस् भन्ने उद्देश्य लिई राज्यका निकायकासाथै नागरिक समाज, सञ्चारजगत् आदिसँग सहकार्य गर्दैआएको छ। यसै क्रममा सामाजिक जवाफदेहिता र सदाचार अभिबृद्धि गर्न महामारी नियन्त्रणमा सरकारले गरेका प्रयासहरूबारे सचेतनासम्बन्धी कार्य, सार्वजनिक सेवा प्रभाव र सोसँग सम्बन्धित समस्याबारे सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएर सहयोग पनि गर्दै आइरहेको छ। यसै सन्दर्भमा हाल कोराना भाइरसबाट देश आक्रान्त भइरहेको बेला सञ्चारमाध्यममा आएका तथा नागरिकका हामीलाई प्राप्त गुनासोका निम्न विषयमा यहाँको ध्यानाकर्षण गराउँछौं ।

१. स्वास्थ्य सेवा सहजरुपले पाउन नसकेको, अस्पताल पुगेर पनि बेड, अक्सिजनसमेत नपाएका कारण गरिब, सिमान्तकृत, जोखिममा रहेका नागरिक आदिले समानरुपमा उपचारको सुविधा पाउनबाट वञ्चित हुनु परिरहेको अवस्था सिर्जना भएकोले यस सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक अनुगमन गर्नुपर्ने देखिन्छ ।
२. स्वास्थ्य सामग्रीहरू औषधि, अक्सिजनलगायतका सामग्रीहरूमा कालोबजारी भइरहेकाले नागरिकले उचित मूल्य तिरेर पाउन सकिरहेका छैनन् । निजी अस्पतालहरूले महामारीको समयमा आफूखुसी उपचार शुल्क लिएकाले धेरैभन्दा धेरै सर्वसाधारण नागरिक ती अस्पतालहरूको सेवा पहुँचमा पुग्न सकेका छैनन् । निजी अस्पतालले दिइरहेको सेवा सम्बन्धमा सम्बन्धित निकायबाट नियमितरुपमा अनुगमन हुनसके गुनासोहरूको समाधान हुने देखिन्छ ।
३. महामारीको समयमा खाद्य सामग्री, फलफूल, तरकारी तथा औषधिलगायतका सामग्रीमा अस्वभाविक मूल्य बृद्धि भएकोले त्यसलाई रोक्न प्रभावकारी अनुगमन गरी गल्ती गर्नेलाई कारबाही गर्न सके आम-नागरिकले यसबाट राहत पाउन सक्ने देखिन्छ ।

उल्लिखित विषयमा यहाँको ध्यानाकर्षणसहित देखिएका समस्या समाधान गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक पहल गरियोस् भनी यस पत्रमार्फत अनुरोध गरिएको छ ।

यहाँको निरन्तर सहयोग र सद्भावको अपेक्षासहित,

आशिष थापा
कार्यकारी निर्देशक

**बोधार्थ/कार्यार्थ:**
१. स्वास्थ्य सेवा विभाग, काठमाडौं ।
२. वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, काठमाडौं ।
३. काठमाडौं महानगरपालिका, काठमाडौं ।
४. शंकरापुर नगरपालिका, काठमाडौं ।
५. कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं ।
६. गोकर्णेश्वर नगरपालिका, काठमाडौं ।
७. बुढानीलकण्ठ नगरपालिका, काठमाडौं ।
८. टोखा नगरपालिका, काठमाडौं ।
९. तारकेश्वर नगरपालिका, काठमाडौं ।
१०. नागार्जुन नगरपालिका काठमाडौं ।
११. चन्द्रागिरी नगरपालिका, काठमाडौं ।
१२. किर्तिपुर नगरपालिका, काठमाडौं ।
१३. दक्षिणकाली नगरपालिका, काठमाडौं ।